जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ ❋ अंक : २३२ ❋ २०८२ साल चैत्र ०४ गते, बुधबार ❋ Wednesday, Mar.– 18 2026 ❋ मूल्य रु. ५/- पृष्ठ : ४

## मधेश सरकारका १०० दिन: ५१ उपलब्धि सार्वजनिक



*जनकपुरधाम, चैत्र ३ –*
मधेश प्रदेश का मुख्यमन्त्री कृष्ण प्रसाद यादव ले आफ्नो कार्यकालको पहिलो १०० दिन पूरा भएको अवसरमा ५१ बुँदे उपलब्धि सार्वजनिक गरेका छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा उनले 'एक सय दिन, ५१ काम' शीर्षकमा सरकारका उपलब्धिहरू सार्वजनिक गरेका हुन्। मुख्यमन्त्री यादवले प्रतिकूल राजनीतिक अवस्था र क्षतिग्रस्त भौतिक संरचनाबीच सरकार सञ्चालन गर्नुपरेको उल्लेख गर्दै यस अवधिलाई "नागरिक अपेक्षा र आकाङ्क्षाको परीक्षा" का रूपमा व्याख्या गरे। उनले स्वास्थ्य, शिक्षा, पूर्वाधार, कृषि, यातायात तथा सामाजिक सुरक्षाका क्षेत्रमा उल्लेखनीय प्रगति भएको दाबी गरे। स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै जनकपुर प्रादेशिक अस्पताल मा डिजिटल सेवा सुरु गरिएको जनाइएको छ, जसअन्तर्गत बिरामीले घरबाटै पुर्जा काट्न र मोबाइलमार्फत ल्याब रिपोर्ट प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ। वर्षौंदेखि अलपत्र रहेको क्याथ ल्याब सञ्चालनमा ल्याइएको तथा ४० शय्याको डायलाइसिस केन्द्र निर्माण अन्तिम चरणमा पुगेको बताइएको छ। साथै, मधेशमै पहिलो पटक छुट्टै मानसिक स्वास्थ्य अस्पताल स्थापना गर्ने तयारी गरिएको छ।

शिक्षातर्फ प्रत्येक निर्वाचन क्षेत्रमा नमूना सामुदायिक विद्यालय विकास गर्ने योजनाअन्तर्गत पहिलो चरणमा १५ विद्यालयमा काम सुरु भएको छ। कर्मचारीका छोराछोरीलाई निजी विद्यालय पठाउने प्रवृत्ति रोक्न 'निजामती विद्यालय' स्थापनाका लागि आवश्यक जग्गा व्यवस्थापन गरिएको छ। पूर्वाधारतर्फ 'एक निर्वाचन क्षेत्र-एक पुल' तथा सडक निर्माण कार्यक्रम अघि बढाइएको सरकारको दाबी छ।

धार्मिक पर्यटन प्रवर्द्धनका लागि जानकी मन्दिर लाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन आवश्यक मापदण्ड तयार पारिएको जनाइएको

बाँकी तेस्रो पृष्ठमा

## बारामा ग्यास विक्रेता र डिलरलाई प्रशासनको कडा निर्देशन




*संवाहक सम्वादाता-३चैत्र, कलैया*
जिल्ला प्रशासन कार्यालय बाराले जिल्लाभर रहेका एल.पी. ग्यास उत्पादक, वितरक तथा डिलरहरूलाई ग्यास बिक्री-वितरणलाई व्यवस्थित बनाउन कडा निर्देशन दिएको छ। प्रशासनले सोमवार एक सूचना जारी गर्दै तोकिएको मापदण्ड, मूल्य र सुरक्षासम्बन्धी व्यवस्था अनिवार्य रूपमा पालना गर्न निर्देशन दिएको हो। जिल्ला अधिकारी छविरमण भट्टराईले जानकारी गराउदै, उनले भने नियम उलङ्घन गर्ने कारवही भागिदार हुनेछ।

जिल्ला प्रशासन कार्यालय बाराद्वारा जार सूचनामा ग्यास बिक्री-वितरण गर्दा नेपाल सरकारले तोकेको मूल्यभन्दा बढी मूल्यमा बिक्री नगर्न स्पष्ट निर्देशन दिइएको छ। साथै ग्यास सिलिन्डरको भण्डारण र वितरण गर्दा निर्धारित सुरक्षा मापदण्ड पूर्ण रूपमा पालना गर्न पनि भनिएको छ। सूचनाअनुसार उपभोक्तालाई तोकिएको गुणस्तर र मापदण्डअनुसारको ग्यास सिलिन्डर मात्र उपलब्ध गराउनुपर्नेछ। अनावश्यक रूपमा ग्यास मौज्दात गरेर कृत्रिम अभाव सिर्जना गर्न नपाइने पनि प्रशासनले जनाएको छ।

प्रशासनले ग्यास वितरण प्रणाली पारदर्शी बनाउन तथा पालो प्रणालीमार्फत उपभोक्तालाई सहज रूपमा ग्यास उपलब्ध गराउन निर्देशन दिएको छ। खाली सिलिन्डर प्राप्त भएपछि मात्र नयाँ सिलिन्डर उपलब्ध गराउनुपर्ने व्यवस्था पनि उल्लेख गरिएको छ। त्यसैगरी डिलरहरूले उद्योगबाट खरिद गरिएको ग्यासको परिमाण, बिक्री तथा मौज्दातको विवरण व्यवस्थित रूपमा राखी त्यसको अभिलेख नियमित रूपमा जिल्ला प्रशासन कार्यालयमा पठाउनुपर्ने सूचनामा उल्लेख छ। एक सिलिन्डरबाट अर्को सिलिन्डरमा ग्यास झिकेर खुला बिक्री गर्न पनि कडाइका साथ रोक लगाइएको छ। प्रशासनले समय-समयमा अनुगमन तथा निरीक्षण गर्ने जनाउँदै निर्देशित व्यवस्था पालना नगरे प्रचलित कानुनअनुसार कडा कारबाही गरिने चेतावनी दिएको छ।

## संसदीय पदबाट पछि हट्ने डा. सी. के. राउतको घोषणा



*संवाहक सम्वादाता-३चैत्र, कलैया*
मधेश केन्द्रित राजनीति गर्दै आएका चन्द्रकान्त राउतले अब संसदीय पदको राजनीतिबाट विश्राम लिने घोषणा गरेका छन्। जनमत पार्टीका अध्यक्षसमेत रहेका राउतले सोमबार सार्वजनिक वक्तव्य जारी गर्दै आफू पदको राजनीतिबाट टाढा रहने तर राजनीतिक गतिविधिमा भने सक्रिय नै रहने स्पष्ट पारे।

राउतका अनुसार आफूलाई व्यक्तिगत रूपमा संसदीय निर्वाचन लड्ने इच्छा धेरै पटक थिएन। तर पार्टीलाई बलियो बनाउने आवश्यकता र कार्यकर्ताको आग्रहका कारण दुई पटक चुनावी मैदानमा उत्रनुपरेको उनले बताएका छन्। उनले २०७९ को प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिन नचाहँदा पनि पार्टीलाई राष्ट्रिय स्तरमा स्थापित गर्नुपर्ने आवश्यकताले चुनाव लडेको उल्लेख गरेका छन्। त्यस्तै हाले सम्पन्न २०८२ को निर्वाचनमा पनि आफू उम्मेदवार नबन्ने तयारीमा रहे पनि अन्तिम समयमा कार्यकर्ताको मनोबल नघटोस भनेर चुनाव लड्ने निर्णय गरेको उनले बताएका छन्। राउतले पद र शक्तिप्रतिको आकर्षणले आफूलाई नअल्झाओस् भन्ने उद्देश्यले संसदीय राजनीतिबाट विश्राम लिने निर्णय सार्वजनिक गरेको बताए। तर यसलाई राजनीतिबाट अलग हुने निर्णयका रूपमा नबुझ्न उनले आग्रह गरेका छन्।

उनले आगामी स्थानीय तथा प्रदेश तहका निर्वाचनका लागि पार्टीलाई सुदृढ बनाउन आफू सक्रिय रहने र अधिकार तथा पहिचानको आन्दोलनमा जनताको साथमा निरन्तर रहने प्रतिबद्धता जनाएका छन्। वक्तव्यको अन्त्यमा उनले कवि दुश्यन्त कुमारको प्रसिद्ध शैरलाई उद्धृत गर्दै परिवर्तनको 'आगो बलिरहनुपर्ने' सन्देश दिएका छन्।

## निर्माण सुस्त हुँदा गंगा-पिपरा पुल अझै अधुरै



*संवाहक सम्वादाता-३चैत्र, कलैया*
सर्लाही र रौतहटलाई जोड्ने बागमती नदीमाथिको गंगा-पिपरा पुल निर्माण लामो समयदेखि अधुरै रहँदा स्थानीयवासीले अझै जोखिमपूर्ण रूपमा नदी पार गर्नुपर्ने बाध्यता झेलिरहेका छन्। चुनावका बेला प्राथमिक एजेन्डा बनाइने यो पुल निर्माण कार्य चुनावपछि भने सुस्त हुने गरेको भन्दै स्थानीयले असन्तुष्टि जनाएका छन्।

यो पुल सर्लाही क्षेत्र नम्बर-४ र रौतहट क्षेत्र नम्बर-१ लाई जोड्ने महत्वपूर्ण पूर्वाधारका रूपमा हेरिएको छ। तर पटक-पटक राजनीतिक प्रतिबद्धता व्यक्त गरिए पनि निर्माण कार्यले अपेक्षित गति लिन सकेको छैन। सर्लाही-४ बाट निर्वाचित सांसद अनरेश कुमार सिंह ले तीनवटै निर्वाचनमा पुल निर्माण छिट्टै सम्पन्न गराउने आश्वासन दिएका थिए। त्यस्तै नेपाली कांग्रेसका नेता गगन थापाले पनि पुल निर्माणका लागि पहल गर्ने बताएका थिए।

२०७३ असार २८ गते करिब ८६ करोड ३७ लाख रुपैयाँ लागतमा टुण्डी-रसुवा-पप्पु जेभी कम्पनीसँग ठेक्का सम्झौता गरेर पुल निर्माण सुरु गरिएको थियो। तर निर्धारित समयमै काम सम्पन्न हुन नसक्दा परियोजनाको म्याद पटक-पटक थपिएको छ। पछिल्लो समयसीमाअनुसार २०८३ कात्तिक १३ गतेसम्म पुल निर्माण पूरा गर्ने लक्ष्य राखिएको छ।

निर्माण कम्पनीका अनुसार पुलको करिब ८० प्रतिशत काम सम्पन्न भइसकेको छ। तर २०८१ असोजमा आएको बाढीले पुलको एक स्पान र

बाँकी तेस्रो पृष्ठमा

## दलित कुटपिट प्रकरणमा छानबिन टोली घटनास्थलमा पुग्यो



*संवाहक सम्वादाता-३चैत्र, कलैया*
रौतहटको फतुवा विजयपुर नगरपालिका-५ सन्तपुरमा दलित समुदायमाथि भएको कुटपिट प्रकरणको छानबिन गर्न राष्ट्रिय दलित आयोगको टोली घटनास्थल पुगेको छ। आयोगले घटनालाई गम्भीर रूपमा लिँदै पीडित परिवारसँग भेटघाट गरी प्रारम्भिक अनुसन्धान सुरु गरेको जनाएको छ।

आयोगका सदस्य सुन्दर पुकुँटी को नेतृत्वमा गएको टोली सोमबार सन्तपुर पुगेको थियो। टोलीले पीडित तथा आरोपित पक्षसँग छुट्टाछुट्टै भेटघाट गर्दै घटनाको पृष्ठभूमि, पीडितको स्वास्थ्य अवस्था र स्थानीय सरोकारवालासँग छलफल गरी तथ्य संकलन गरेको छ। घटना फागुन १९ गते होली पर्वको पूर्वसन्ध्या तथा प्रतिनिधिसभा निर्वाचन हुनुभन्दा दुई दिनअघि भएको थियो। पीडित बिर्जा राम चमारका अनुसार स्थानीय भुनेश्वर यादव र पसिन्द्र यादवसहितको समूह साँझ करिब ६ बजे घरमा प्रवेश गरी लाठी-भाटा प्रहार गरेको थियो। उक्त कुटपिटमा घरका ६ सदस्य घाइते भएका छन्। बिर्जा रामको ढाड र घाँटीमा चोट, उनकी पत्नी गायत्री देवीको शरीरभरि निलडाम, छोरा राजकुमारको टाउकोमा तीन टाँका, छोरी सुब्बा रामको टाउको फुटेर सात टाँका लागेको छ। अन्य परिवारका सदस्य

बाँकी तेस्रो पृष्ठमा

## वीरगञ्जमा लामखुट्टे नियन्त्रण अभियान:फगिङ स्प्रे शुरू



*संवाहक सम्वादाता-३चैत्र, कलैया*
गर्मी सुरु भएसँगै वीरगञ्ज महानगरपालिकाले लामखुट्टे नियन्त्रणको लागि मंगलबारदेखि एयर स्प्रे (फगिङ) अभियान सुरु गरेको छ। यसअघि केवल पम्प स्प्रे मार्फत लामखुट्टे नियन्त्रण हुँदै आएको थियो, तर अब बिहान पम्प स्प्रे र साँझ फगिङ दुवै विधि अपनाएर अभियानलाई तीव्रता दिइएको छ।

महानगरपालिकाका सरसफाइ अधिकृत सर्फुदिन मियाँ का अनुसार बिहान तथा दिउँसो लार्भा अवस्थाका लामखुट्टेलाई नियन्त्रण गर्ने र साँझ वयस्क लामखुट्टेलाई फगिङमार्फत नष्ट गर्ने योजना बनाइएको छ। यस अभियान अन्तर्गत ३२ वटै वडामा विषादी छर्ने तालिका तयार गरिएको छ। वीरगंजमा चिसो मौसम सकिएपछि र वर्षायामको प्रारम्भमा लामखुट्टेको संख्या बढ्ने गरेको छ। महानगरपालिकाले यसलाई मध्यनजर गर्दै वर्षमा दुई पटक नियमित रूपमा विषादी छर्ने कार्यक्रम सञ्चालन गर्दै आएको छ। महानगर प्रमुख राजेशमान सिंह ले डेंगु र मलेरिया जस्ता रोग फैलिन नदिन नागरिकलाई सचेत गराउँदै अभियानलाई निरन्तरता दिइएको बताएका छन्। उनले घर वरपर पानी जम्न नदिन, सरसफाइमा ध्यान दिन र लामखुट्टे नियन्त्रण अभियानमा सक्रिय सहभागी हुन सबै नागरिकलाई आग्रह गरेका छन्।

विशेषज्ञहरूले भनेका छन्, "वायु तथा पम्प स्प्रे विधि प्रभावकारी भए पनि लामखुट्टे नियन्त्रणमा समुदायको सक्रिय सहभागिता आवश्यक छ, जसले डेंगु र मलेरिया जस्ता रोग फैलिनबाट बचाउँछ।"

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ ।"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्युटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय .......

## न्यायसँगै संयम र जिम्मेवारी पनि आवश्यक

बाराको कलैयामा इनिशा बिक प्रकरणलाई लिएर युवाहरूले गरेको प्रदर्शनले समाजमा बढ्दो संवेदनशीलता र न्यायप्रतिको अपेक्षालाई उजागर गरेको छ। कुनै पनि जघन्य घटनापछि नागरिकहरू आवाज उठाउनु स्वाभाविक हो, किनकि न्याय प्राप्त हुनु प्रत्येक पीडित परिवारको अधिकार हो।

तर यस्ता घटनामा अर्को महत्वपूर्ण पक्ष पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ–संयम र जिम्मेवारी। अनुसन्धान प्रक्रिया जारी रहँदा तथ्यभन्दा अघि भावनाले हावी हुने अवस्था सिर्जना भएमा त्यसले समाजमा भ्रम, अफवाह र अनावश्यक तनाव बढाउन सक्छ। त्यसैले नागरिकको आवाज सशक्त भए पनि त्यो जिम्मेवार र तथ्यमा आधारित हुनु आवश्यक हुन्छ।

प्रहरी र सम्बन्धित निकायमाथि छिटो र निष्पक्ष अनुसन्धान गर्ने दायित्व छ। यदि अनुसन्धान पारदर्शी र विश्वसनीय ढंगले अगाडि बढाइयो भने जनतामा रहेको शंका र असन्तोष पनि स्वाभाविक रूपमा कम हुँदै जान्छ। त्यसैले राज्य संयन्त्रले समयमै स्पष्ट सूचना प्रवाह गर्दै अनुसन्धानलाई प्रभावकारी बनाउनु अत्यन्त आवश्यक छ।


यससँगै समाजका अगुवा, नागरिक समाज र युवाहरूले पनि न्यायको मागलाई शान्तिपूर्ण र सभ्य ढंगले अघि बढाउनु जरुरी छ। न्यायको आवाज बलियो हुनु राम्रो हो, तर त्यो कानुनी प्रक्रिया र सामाजिक सद्भावलाई कमजोर पार्ने गरी होइन, बलियो बनाउने दिशामा हुनुपर्छ । इनिशा बिक प्रकरणले फेरि एकपटक समाजलाई गम्भीर प्रश्न सोधेको छ–के हामी पीडितलाई न्याय दिलाउन सक्षम छौं? यसको उत्तर राज्य संयन्त्रको प्रभावकारी अनुसन्धान र समाजको जिम्मेवार भूमिकाबाट मात्र प्राप्त हुन सक्छ

# संविधान संशोधनमा सतर्कता

जनमत लोकतन्त्रको त्यस्तो ऐना हो, जहाँ नागरिकले आवधिक रूपमा दलहरूको नीति र निष्ठाको परीक्षण गर्छन् । २०८२ को निर्वाचन परिणामले परम्परागत राजनीतिक केन्द्र भञ्जन गर्दै परिवर्तनको पक्षमा दिएको सन्देशलाई विजयीले दम्भ र पराजितले आरोपका रूपमा नलिई, जनअपेक्षा सम्बोधन गर्ने साझा अवसरका रूपमा लिनु पर्छ ।



सञ्जीव कार्की



निर्वाचन लोकतन्त्रको विशेष पर्व र नागरिकले एकसाथ मनाउने उत्सव हो। जहाँ नागरिकले आफ्नो मताधिकार प्रयोग गरेर देशको भाग्य र भविष्य फैसला गर्छन् । निर्वाचनपछिको परिणामले कसैलाई सत्ताको बागडोर सुम्पिन्छ भने कसैलाई प्रतिपक्षको जिम्मेवारी । पछिल्लो समय नेपाली राजनीतिमा एउटा घातक प्रवृत्ति मौलाएको छ 'आफ्नो पक्षमा आएको मतलाई क्रान्तिकारी र विवेकपूर्ण देख्ने तर प्रतिकूल मतलाई नकारात्मक वा भ्रमित ठान्ने ।' यो प्रवृत्ति केवल राजनीतिक अहङ्कार मात्र होइन, बरु सिधा रूपमा जनमतको अपमान र लोकतान्त्रिक मूल्यको परिहास हो ।

चुनावमार्फत नागरिकले आफ्नो अधिकार प्रयोग गर्दै राज्य सञ्चालनको जिम्मेवारी कसलाई दिने भन्ने निर्णय गर्छन् । यसरी प्राप्त हुने परिणामलाई जनमत भनिन्छ । जनमत कुनै दल, नेता वा समूहको निजी सम्पत्ति होइन; यो सम्पूर्ण नागरिकको सामूहिक अभिव्यक्ति हो । चुनावपछि प्राप्त परिणामप्रति देखाइने राजनीतिक दलहरूको व्यवहार लोकतन्त्रको संस्कार र परिपक्वताको महत्वपूर्ण सूचक मानिन्छ ।

चुनाव परिणाम सार्वजनिक भएपछि राजनीतिक दलहरू प्रायः दुई प्रकारका प्रतिक्रिया दिँदै आएका देखिन्छन् । आफ्नो पक्षमा आएको मतलाई सकारात्मक, प्रगतिशील र जनताको सही निर्णय भनेर व्याख्या गरिन्छ तर आफ्नो प्रतिकूल आएको मतलाई नकारात्मक, भ्रमित वा गलत भनेर टिप्पणी गर्ने प्रवृत्ति छ । यस्तो प्रवृत्ति लोकतान्त्रिक संस्कारसँग मेल खाने व्यवहार होइन । जनताको निर्णयलाई आफ्नो अनुकूल हुँदा मात्र स्वीकार गर्ने र प्रतिकूल हुँदा अवमूल्यन गर्ने प्रवृत्तिले अन्ततः जनमतको गरिमा नै कमजोर बनाउँछ । जनमतलाई लिएर जय पराजय दुवै भोगेका दलहरूले अपमान गरेका छन् । क्षेत्र भूगोल र आफूले पाएको मतलाई अवमूल्यन गर्ने प्रयास गरेका छन् । जुन नितान्त गैरजिम्मेवारपन हो । लोकतन्त्रमा मत दिने नागरिक समान अधिकार भएका स्वाधीन व्यक्ति हुन् । उनीहरूले आफ्नो अनुभव, अपेक्षा, विचार र विश्वासका आधारमा निर्णय गर्छन् । कुनै पार्टी वा उम्मेदवारको पक्षमा गएको मतलाई मात्र सही र अर्को पक्षमा गएको मतलाई गलत भन्नु मूलतः जनताको स्वतन्त्र निर्णयको अवमूल्यन हो । यस्तो टिप्पणीले दीर्घकालीन रूपमा नागरिकमा निराशा, असन्तोष र अविश्वास पैदा गर्न सक्छ। जब नागरिकलाई आफ्नै निर्णयको सम्मान हुँदैन भन्ने अनुभूति हुन्छ, तब लोकतन्त्रप्रतिको भरोसा पनि कमजोर हुँदै जान्छ । लोकतन्त्रमा धेरै मत ल्याउनेले सरकार चलाउँछ र थोरै मत ल्याउनेले खबरदारी गर्छ। थोरै मत पाउनुको अर्थ त्यो विचार वा दल पूर्णतः खारेज भएको होइन, बरु सुधारका लागि जनताले दिएको अवसर हो । प्रत्येक मतमा एक नागरिकको आशा, भरोसा र सपना जोडिएको हुन्छ । मतको सङ्ख्या जतिसुकै भए पनि त्यसको गरिमा र वजन बराबर हुन्छ ।

### अनुकूलतामा मात्रै सचेत जनता

राजनीतिक दलहरूले आफूले जित्दा जनतालाई 'महान र सचेत' भन्दै प्रशंसाको पुल बाँध्ने गर्छन् । त्यही जनताले जब अर्को पक्षलाई रोज्छन्, तब तिनै नेताहरूले जनता अचेत भएको, प्रलोभनमा परेको वा गलत बाटो रोजेको आरोप लगाउन पछि पर्दैनन् । यो दोहोरो चरित्रले के प्रस्ट पार्छ भने नेताहरूले जनताको विवेकलाई होइन, केवल आफ्नो स्वार्थ र शक्तिलाई मात्र केन्द्रमा राखेका छन् । जनता कसैको 'भोट बैङ्क' होइनन्, उनीहरू सार्वभौम निर्णायक हुन् । जनताले आफ्नो निर्णय बदल्न, पुनर्विचार गर्न र कायम राख्न पाउने स्वतन्त्रतालाई जो कसैले पनि उल्याउनु राम्रो होइन।

### जनमतको दार्शनिक पक्ष

लोकतन्त्रमा मतको सङ्ख्याले प्राविधिक जित-हार त तय गर्ला तर मतको मूल्य कहिल्यै सानो वा ठुलो हुँदैन । ठुलो र फराकिलो जनमत पाउनेले आफूले पाएको अभिभारा (जनमत) लाई दम्भको रूपमा होइन, जिम्मेवारीको रूपमा लिनु पर्छ । थोरै मत ल्याउनेले जनमतलाई तिरस्कारको रूपमा होइन, आत्मसमीक्षा र सुधारको सन्देशका रूपमा बुझ्नु पर्छ । थोरै मत पाउनुको अर्थ त्यो विचार वा दल पूर्णतः गलत हुनु होइन । प्रत्येक एक मत पछाडि एक नागरिकको आशा, पीडा र सपना लुकेको हुन्छ । मत परिणामलाई 'राम्रो' र 'नराम्रो' भनी वर्गीकरण गर्नु नागरिकको हृदयमा चोट पुऱ्याउनु हो । हरेक सार्वभौम नागरिकको निर्णयको मत अमूल्य हुन्छ ।

निर्वाचन केवल सत्ता प्राप्तिको प्राविधिक माध्यम मात्र होइन, यो त समाजका विविध विचार र आकाङ्क्षाको समष्टिगत प्रतिविम्ब हो । हाम्रो राजनीतिक परिपाटीमा एउटा ठुलो खाडल छ, विजयी उम्मेदवारले आफूले पाएको मतलाई मात्र वैध ठान्ने र पराजित उम्मेदवारले पाएको मतलाई अर्थहीन मान्ने । यही मानसिकताका कारण निर्वाचित प्रतिनिधि आमजनताप्रति उत्तरदायी हुनुको साटो आफ्नै अहङ्कारको घेरामा खुम्चिने गरेका छन् । मैले जितेँ, अब म जे पनि गर्न पाउँछु भन्ने दम्भ र मैले हारेँ, अब मेरो कुनै जिम्मेवारी छैन भन्ने पलायनवाद यी दुवै प्रवृत्ति जनमतको अपमान हुन् । विजयीको गणित र पराजितको गरिमाले लोकतन्त्र बलियो बन्छ । निर्वाचनको दार्शनिक पक्ष पनि यही हो ।

जब दलहरूले जनमतको अपमान गर्छन्, त्यसले नागरिकमा राजनीतिप्रति नै वितृष्णा पैदा गर्छ । हामीले जतिसुकै सोचेर भोट हाले पनि नेताहरूले हाम्रै विवेकमाथि प्रश्न उठाउँछन् भन्ने भावना जागृत भएमा निर्वाचन र लोकतान्त्रिक प्रक्रियाप्रतिको विश्वास धर्मराउन सक्छ । यसले समाजमा असहिष्णुता र ध्रुवीकरण मात्र बढाउँछ, जुन समृद्ध राष्ट्रका लागि घातक सिद्ध हुन्छ ।

### प्रत्येक मत नैतिक करार

निर्वाचनमा कुनै पनि उम्मेदवारलाई प्राप्त हुने मत केवल कागजको एउटा टुक्रा वा विद्युतीय मेसिनको अङ्क होइन । त्यो त मतदाता र उम्मेदवारबिचको एउटा नैतिक करार वा विजयी हुनेले पाएको मत कार्यान्वयनको म्यान्डेट हो । पराजित हुनेले पाएको मत निष्ठा र विश्वासको नासो हो । जब हामी पराजित उम्मेदवारको मतलाई कम मूल्याङ्कन गर्छौं, तब हामीले ती हजारौँ-लाखौँ नागरिकको आशा र विश्वासलाई पनि उपेक्षा गरिरहेका हुन्छौँ । पराजित उम्मेदवारले पाएको मतले पनि एउटा स्पष्ट सन्देश दिइरहेको हुन्छ । त्यो मत उक्त उम्मेदवारको नीति, उसको नैतिकता र उसले अघि सारेको विधिको शासनप्रतिको प्रतिबद्धतामाथिको विश्वास हो । विजेताले शासन गर्ने वैधानिकता पाए पनि, पराजित उम्मेदवारले पाएको मतले समाजमा अझै पनि यो विचार र निष्ठाको आवश्यकता छ भन्ने तथ्यलाई जीवित राख्छ । विजेताले ती मतहरूलाई सम्मान गर्न सकेन भने, उसले समाजको एउटा ठुलो हिस्साको भावनालाई प्रतिनिधित्व गर्न सक्दैन । नीति, नैतिकता र विधिको कसीमा हरेक नागरिकले आफूले विश्वास गरेको पार्टी र उम्मेदवारलाई मत प्रदान गरेको हुन्छ ।

### नयाँ शक्तिको उदय

यस निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आशातीत सफलता हासिल गर्दै देशको सबैभन्दा ठुलो दल बनेको छ । प्रत्यक्षतर्फ १२५ सिट र समानुपातिकतर्फ पनि उल्लेख्य मत (करिब ५१ लाख ८३ हजार भन्दा बढी) प्राप्त गरी रास्वपा दुई तिहाइको नजिक छ । यसको विपरीत दशकौँदेखि सत्ताको केन्द्रमा रहेका नेपाली कांग्रेस दोस्रो (१७ लाख ५९ हजार केही बढी) नेकपा एमाले तेस्रो स्थानमा खुम्चिएका छन् । नेकपाको पनि स्थिति सबल रहेन। धरान उपमहानगरपालिकाको प्रमुखबाट असमयमा राजिनामा दिएर हर्क साम्पाङले खोलेको श्रम संस्कृति पार्टी उदीयमान देखिएको छ । वैकल्पिक शक्तिको नयाँ दाबीसहित आएको कुलमान घिसिङको उज्यालो नेपाल पार्टीका लागि पनि चुनावले नतिजा ल्याउन सकेन । प्रायः पुराना र शीर्ष नेताहरूले आफ्नै सुरक्षित मानिएका क्षेत्रमा पराजय भोगेका छन् । बालेन्द्र (बालेन) शाह र रवि लामिछाने जस्ता व्यक्तिको प्रभावले गर्दा स्वतन्त्र र युवा उम्मेदवारले ठुला सहर मात्र नभई ग्रामीण क्षेत्रमा पनि बलियो पकड बनाएका छन् । काठमाडौँ, ललितपुर र तराईका प्रमुख क्षेत्रमा रास्वपा र युवा उम्मेदवारको वर्चस्व देखियो, जसले परिवर्तनको तीव्र भोकलाई उजागर गरेको छ ।

मतदाताले यसपटक 'नो नट अगेन' को नारालाई मतदान केन्द्रसम्म पुऱ्याएका छन् । पुराना दलहरूको कार्यशैली, भ्रष्टाचार र स्थिर सरकारको अभावप्रति जनताले ब्यालेटमार्फत मौन विद्रोह गरेका हुन् । मधेशकेन्द्रित दल र पहाडका कम्युनिस्ट किल्लामा समेत नयाँ शक्तिको लहर देखिनुले क्षेत्रीय र वैचारिक राजनीतिभन्दा माथि डेलिभरीको राजनीतिले प्राथमिकता पाएको देखिन्छ ।

### निष्कर्ष

अन्ततः जनमत लोकतन्त्रको त्यस्तो ऐना हो, जहाँ नागरिकले आवधिक रूपमा दलहरूको नीति र निष्ठाको परीक्षण गर्छन् । २०८२ को निर्वाचन परिणामले परम्परागत राजनीतिक केन्द्र भञ्जन गर्दै परिवर्तनको पक्षमा दिएको सन्देशलाई विजयीले दम्भ र पराजितले आरोपका रूपमा नलिई, जनअपेक्षा सम्बोधन गर्ने साझा अवसरका रूपमा लिनु पर्छ । मतको गणित जस्तोसुकै भए पनि प्रत्येक मतभित्र लुकेको नागरिकको विश्वास र नैतिक करारलाई सम्मान गर्नु नै लोकतन्त्रको वास्तविक गरिमा र सुसंस्कृत राजनीतिक आधार हो । जनमतले दलहरूको फेरि परीक्षा लिएको छ । सो परीक्षा पुनः अर्को निर्वाचनमा परीक्षित हुने छ । जनमतले जहिल्यै राम्रो काम गर्ने अवसरका लागि ढोका थुन्दैन ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## ट्रम्प र सीबिच शिखर वार्ता हुने

काठमाडौँ, चैत ३ गते ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनको भ्रमण गर्नुहुने भएको छ। पश्चिम एसियामा युद्ध जारी रहेका बेला राष्ट्रपति ट्रम्पको चीन भ्रमणबाट नयाँ निकास निकाल्ने सम्भावना रहेको अमेरिकी समाचार संस्था एपीले जनाएको छ। भ्रमण क्रममा राष्ट्रपति ट्रम्प र चीनका राष्ट्रपति सी चिनफिङबिच हुने शिखर वार्तालाई निकै महत्वसाथ हेरिएको छ।



अमेरिका र चीनबिच लामो समयदेखि जारी व्यापारिक तनाव व्यवस्थापन गर्ने प्रयासस्वरूप दुवै देशका उच्चस्तरीय प्रतिनिधिले फ्रान्सको राजधानी पेरिसमा आर्थिक तथा व्यापार वार्ता गरेका छन्। राष्ट्रपति ट्रम्पको चीन भ्रमणको सन्दर्भमा भएको यो वार्तालाई महत्वपूर्ण तयारीका रूपमा हेरिएको छ।

चीनको सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार अमेरिकाका अर्थमन्त्री स्कट बेसेन्ट र चीनका उपप्रधानमन्त्री हे लिफेङको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलबिच पेरिसमा आइतबार र सोमबार दुई दिन सार्थक वार्ता भएको हो।

राष्ट्रपति ट्रम्पले सन् २०१७ मा आफ्नो पहिलो कार्यकालमा चीनको भ्रमण गर्नुभएको थियो। त्यसयता अमेरिकाका राष्ट्रपतिले चीन भ्रमण गर्नुभएको छैन। पाँच महिनाअघि दक्षिण कोरियाको बुसानमा भएको भेटमा ट्रम्प र सीले बढ्दो व्यापार युद्ध रोक्न एक बर्से अस्थायी युद्धविराममा सहमति जनाउनुभएको थियो। त्यसअघि दुवै देशले एक-अर्काविरुद्ध क्रमशः उच्च दरका भन्सार शुल्क लगाउँदै आएका थिए। पेरिस वार्ता प्रत्यक्ष रूपमा व्यापार मुद्दामा केन्द्रित रहनुका साथै पश्चिम एसिया युद्धबारे पनि छलफल भएको बताइएको छ। इरानसँगको युद्धका कारण तेलको मूल्य र आपूर्तिमा बढ्दो अनिश्चितता देखिएकाले त्यसको असर विश्व अर्थतन्त्रमा पर्ने चिन्ता बढेको छ। ट्रम्पले शनिबार चीन, फ्रान्स, जापान, दक्षिण कोरिया र बेलायतलगायत देशले स्ट्रेट अफ हर्मुज 'खुला र सुरक्षित' राख्न युद्धपोत पठाउने अपेक्षा गरिएको बताउनुभएको थियो। गत साता चीनका विदेशमन्त्री वाङ यीले सन् २०२६ लाई चीन-अमेरिका सम्बन्धका लागि महत्वपूर्ण वर्ष हुने बताउनुभएको थियो।

## जय ट्रफीको फाइनल सुरु

*काठमाडौँ, चैत ३ गते ।*

जय ट्रफी मेन्स एलिट कप क्रिकेटको फाइनल खेल मङ्गलबारदेखि सुरु भएको छ ।

मुलपानी क्रिकेट मैदानमा सुरु भएको फाइनल खेल बिहीबारसम्म जारी रहनेछ । फाइनलमा विभागीय टोली त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लबबिच प्रतिस्पर्धा भईरहेको छ ।

यसअघि फागुन १७ देखि १९ गतेसम्म तय भएको फाइनल खेल निर्वाचनका कारण सारिएको थियो । दुई दिवसीय प्रतियोगिताको




फाइनल खेल तीन दिवससीय हुनेछ । जय ट्रफीका गत संस्करणको प्रधानमन्त्री कप क्रिकेटको शीर्ष चारमा रहेको आर्मी, पुलिस, एपिएफ क्लब र बागमती प्रदेशले प्रतिस्पर्धा गरेका थिए ।

## अदालत सुधारमा प्रधानन्यायाधीशको चेतावनी

*दाङ, चैत्र ३ –*

प्रधान न्यायाधीश प्रकाशमान सिंह राउत ले उच्च अदालत तुलसीपुरको अनुगमन गर्दै न्यायपालिकामा सुधारको आवश्यकता औँल्याएका छन्। उनले अदालतमा आगजनी घटनालाई केवल भौतिक क्षति मात्र नभएर सेवाग्राहीप्रति न्यायिक प्रणालीको भरोसा कमजोर हुने संकेतका रूपमा हेर्नुपर्ने बताए।

कार्यक्रममा उनले भने, "हिजोको तरिकाले न्याय सम्पादन गर्दा मान्छे सन्तुष्ट भएनन् भने त्यसको असर सेवाग्राहीमाथि परेको थियो। त्यसतर्फ सचेत हुन जरुरी छ। हामीले बदलिने प्रण गरे मात्र न्याय स्थायी रहन्छ।"

प्रधान न्यायाधीशले न्यायकर्मीहरूलाई सेवाग्राहीको अनुभव सहज र भरोसायोग्य बनाउने जिम्मेवारी रहेको र



समयअनुसार बदलिनुपर्नेमा जोड दिए। उनले आगजनीले ध्वस्त अदालतको पुनर्निर्माणका लागि पहल जारी रहेको र अस्थायी रूपमा अदालत घोराहीस्थित जिल्ला अदालतमा सारिएको जानकारी पनि दिए।

साथै, तुलसीपुर अदालतलाई देउखुरी मौरीघाटमा सार्ने योजना आफूलाई हालसम्म जानकारीमा नभएको स्पष्ट गर्दै, "हाम्रो अभिलेखमा अदालत तुलसीपुरमा रहेको छ र कुनै निर्णय मेरो जानकारीमा आएको छैन," प्रधान न्यायाधीश राउतले भने।

विशेषज्ञहरूले अदालत सुधार केवल संरचना निर्माण मात्र नभई नागरिकप्रति संवेदनशील सेवा र भरोसा कायम राख्नेतर्फ पनि केन्द्रित हुनु आवश्यक रहेको बताएका छन्।

## मधेश ...

छ। कृषि क्षेत्रमा रोपाइँअघि नै मल तथा खाद्य आपूर्ति सुनिश्चित गरिएको छ भने यातायात क्षेत्रमा ई-रिक्सा र ट्र्याक्टर चालकलाई लिखित परीक्षा बिना ट्रायलमार्फत लाइसेन्स दिने व्यवस्था गर्न कानुनी आधार तयार गरिएको छ।

सामाजिक सुरक्षाअन्तर्गत प्रदेश सरकारले नागरिक दुर्घटना बीमा कार्यक्रम सञ्चालनमा ल्याएको र अतिविपन्न वर्गलाई २८ हजार थान कम्बल वितरण गरेको जनाएको छ। साथै, खेलकुद प्रवर्द्धनका लागि 'मधेश प्रिमियम लिग' आयोजना गर्ने र वडास्तरमा क्रिकेट सामग्री वितरण गर्ने प्रक्रिया अघि बढाइएको छ।

मुख्यमन्त्री यादवले यी उपलब्धिहरू आगामी दिनमा अझ प्रभावकारी परिणाम हासिल गर्ने आधार भएको उल्लेख गर्दै सरकार जनअपेक्षाअनुसार काम गर्न प्रतिबद्ध रहेको बताए। यद्यपि, सार्वजनिक गरिएका योजनाहरूको प्रभावकारी कार्यान्वयन र दीर्घकालीन परिणामबारे भने सरोकारवालाहरूले चासो व्यक्त गरेका छन्।

## दलित ...

पनि चोटग्रस्त भएका छन्।

पीडितको उजुरीमा आधारित भएर जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी सिताराम रिजाल को निर्देशनमा इलाका प्रहरी कार्यालय विजयपुरमा आठ जना विरुद्ध ज्यान मार्ने उद्योग मुद्दा दर्ता गरिएको छ। घटनामा संलग्न पसिन्द्र यादव पक्राउ परेका छन् भने अन्य आरोपित फरार रहेका छन्।

पीडित परिवारले भने आफूहरू अझै डर र त्रासको वातावरणमा बस्न बाध्य भएको बताए। आयोगका सदस्य पुर्कुटीले जातीय आधारमा हुने हिंसा कानुनविपरीत र गम्भीर अपराध भएको उल्लेख गर्दै घटनाको निष्पक्ष छानबिन गर्ने र दोषीलाई कानुनी कारबाही गराउने प्रतिबद्धता जनाए।

घटनास्थल अवलोकनका क्रममा पूर्वमन्त्री विश्वेन्द्र पासवान, फतुवा विजयपुर नगरपालिकाका मेयर प्रत्याशी विजय यादव, इलाका प्रहरी कार्यालय विजयपुरका प्रमुख, सशस्त्र प्रहरीका प्रतिनिधि, दलित अभियन्ता र स्थानीय सरोकारवालाहरू उपस्थित थिए।

## निर्माण ...

एक फाउन्डेसनमा क्षति पुऱ्याएपछि माटो परीक्षण तथा डिजाइन पुनरावलोकन गर्नुपर्ने कारण देखाउँदै काम सुस्त भएको बताइएको छ। पुल निर्माणमा प्रयोग गरिएको सामग्रीको गुणस्तरबारे पनि समय-समयमा प्रश्न उठ्दै आएको छ। पुल समयमै पूरा नहुँदा दैनिक एक हजारभन्दा बढी स्थानीयवासी जोखिम मोलेर नदी पार गर्न बाध्य भएका छन्। बाढीपछि क्षतिग्रस्त संरचना मर्मत र बाँकी निर्माण कार्यलाई तीव्रता दिन सम्बन्धित निकायले चासो नदेखाएको भन्दै स्थानीयले गुनासो गरेका छन्।

## निर्माण ...

गरे। उनले संविधान र कानुनको अध्ययन गर्दै जनताको अपेक्षाअनुसार काम गर्न निर्देशन दिए। अभिमुखीकरणमा सांसदको भूमिका, संसदमा बोल्ने शैली, जनतासँग गरिने प्रतिबद्धता, अधिकारको प्रयोग तथा उत्तरदायित्वका विषयमा प्रशिक्षण दिइएको थियो। सहभागी सांसदहरूले कार्यक्रमले संसदीय कार्यप्रणाली बुझ्न र आपसी चिनापर्ची बढाउन सहयोग पुगेको बताएका छन्। मोरङ-६ बाट निर्वाचित सांसद रुबिना आचार्यले विभिन्न भूगोलबाट आएका प्रतिनिधिहरूबीच अनुभव साटासाट गर्ने अवसर मिलेको बताइन्। त्यस्तै सर्लाही-१ बाट निर्वाचित नितिमा कार्कीले सांसदको भूमिका र व्यवहारबारे स्पष्टता पाउन अभिमुखीकरण उपयोगी भएको उल्लेख गरिन्। रास्वपाले सांसदहरूलाई भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन र जनमुखी नीति निर्माणमा सक्रिय हुन विशेष जोड दिएको छ।

## निर्वाचन आयोगले समानुपातिक सांसदलाई प्रमाणपत्र वितरण तयारी

*जनकपुर, चैत्र ३ –*

निर्वाचन आयोगले बिहीबार चैत ५ गते समानुपातिक प्रणालीबाट निर्वाचित सांसदलाई प्रमाणपत्र वितरण गर्ने कार्यक्रम तय गरेको छ। आयोगका अनुसार कार्यक्रम बिहान ११:३० बजे आयोगको परिसरमै आयोजना हुनेछ।

निर्वाचित सदस्यहरूले प्रमाणपत्र प्राप्त गर्न सक्कल नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र र दुई प्रति पासपोर्ट साइज फोटो उपलब्ध गराउनुपर्नेछ। आयोगले यसका लागि मंगलबारसम्म आवश्यक कागजात उपलब्ध गराउन आग्रह गरेको छ।




यसपटकको प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक प्रणालीतर्फ राष्ट्रिय स्वतन्त्र पार्टीले ५७, नेपाली कांग्रेसले २०, नेकपा एमालेले १६, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले ९, श्रम संस्कृति पार्टीले ४ र राष्ट्रिय प्रजातन्त्र पार्टीले ४ सिट जितेको छ।

कुल २७५ सदस्यीय प्रतिनिधिसभामा प्रत्यक्ष प्रणालीमार्फत १६५ र समानुपातिक प्रणालीमार्फत ११० सांसद निर्वाचित हुने व्यवस्था रहेकाले प्रमाणपत्र वितरणपछि निर्वाचन प्रक्रिया पूर्णतातर्फ पुग्नेछ। आयोगका अधिकारीहरूले कार्यक्रमलाई सरल, औपचारिक र पारदर्शी बनाउने तयारी गरेको जानकारी दिएका छन्।

## प्रत्येक नेपाली..

सरकारले चालु आर्थिक वर्षभित्रै सावा र ब्याज शीर्षकमा ४ खर्ब ११ अर्ब रुपैयाँ तिर्ने लक्ष्य लिएको छ, जसले राजस्व व्यवस्थापनमा थप दबाब सिर्जना गर्ने देखिन्छ। २०७८ सालको जनसंख्यालाई आधार मान्दा हालको सार्वजनिक ऋण प्रतिव्यक्ति करिब ९८ हजार ६९१ रुपैयाँ पुग्ने अनुमान गरिएको छ, अर्थात् प्रत्येक नेपालीको काँधमा झण्डै एक लाख रुपैयाँ ऋणको भार परेको छ।

## बेरोजगार ...

आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा तोकिएको ढाँचाको निवेदन फाराम भरी आवश्यक कागजातसहित २०८२ चैत्र २५ भित्र आवेदन दिनुपर्ने छ। आवश्यक कागजातमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइज फोटो, तालिम प्रमाणपत्र (यदि लिएको छ भने), परिवार सदस्यहरूको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र बसाइसराइ प्रमाणपत्र समावेश गर्नुपर्ने बताइएको छ।

अघिल्लो आर्थिक वर्षमा सूचीकृत भइसकेका बेरोजगारहरूले पनि नयाँ आर्थिक वर्षका लागि सूची नवीकरण गर्न आवेदन दिनु पर्नेछ। यो प्रक्रिया बेरोजगारको तथ्याङ्क अद्यावधिक राख्न र स्थानीय तहमा प्रभावकारी रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। महानगरपालिकाले इच्छुक तथा योग्य व्यक्तिहरूलाई समयमै सम्बन्धित वडा कार्यालयमा निवेदन दिन आग्रह गरेको छ। थप जानकारीका लागि आर्थिक विकास महाशाखा वा सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्न सकिन्छ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# समानुपातिक सूचीमा दलित प्रतिनिधित्व नहुँदा मधेशमा आन्दोलनको घोषणा

कैलाश दास , जनकपुरधाम, ३ चैत – प्रतिनिधिसभा निर्वाचन (फागुन २१) पछि मधेश प्रदेशमा दलित समुदायले असन्तुष्टि जनाउँदै आन्दोलन घोषणा गरेका छन्। समानुपातिकतर्फ उल्लेख्य मत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टी ले मधेशी दलित समुदायबाट एक जनालाई पनि सांसद नबनाएको भन्दै दलित अगुवाहरू आन्दोलित बनेका हुन्।



मंगलबार जनकपुरधाममा बसेको दलित अगुवाहरूको बैठकले उक्त निर्णयलाई समावेशी प्रतिनिधित्वको मर्मविपरीत भन्दै विरोध कार्यक्रम सार्वजनिक गरेको छ। उनीहरूले समानुपातिक प्रणालीको मूल उद्देश्य नै सबै समुदायको समुचित सहभागिता सुनिश्चित गर्नु भए पनि दलित समुदायलाई पूर्ण रूपमा बेवास्ता गरिएको आरोप लगाए।

बैठकमा बोल्ने वक्ताहरूले सबैभन्दा बढी मत पाउने दलले नै दलित प्रतिनिधित्व नदिनु लोकतान्त्रिक मूल्य र समावेशी सिद्धान्तमाथि प्रहार भएको बताए। उनीहरूले तत्काल त्रुटि सच्याउँदै दलित समुदायलाई समानुपातिक सूचीमा समेट्न सम्बन्धित पक्षसँग माग गरेका छन्।

दलित अधिकारकर्मीहरूले माग पूरा नभए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएका छन्। आन्दोलनका कार्यक्रमअन्तर्गत विरोध सभा, ज्ञापनपत्र बुझाउने तथा आवश्यक परे सडक संघर्षसमेत गर्ने तयारी गरिएको छ।

दलित अगुवा प्रथमलाल रामको अध्यक्षतामा बसेको बैठकमा रामु महरा, विनोद महरा, सुनिता मेस्तर्नी, रामेश्वर महरा, रामसोगारथ राम, इनरजीत मेस्तर, सिजेन्द सदा र राजेश सक्सेनालगायत नेताहरू सहभागी थिए। बैठकले दलित समुदायभित्रै संघर्ष समिति गठन गरी आन्दोलनलाई अघि बढाउने निर्णयसमेत गरेको छ।

उनीहरूले राज्यका सबै तह र निकायमा समावेशी प्रतिनिधित्व सुनिश्चित नभएसम्म संघर्ष जारी रहने स्पष्ट पारेका छन्।

# प्रत्येक नेपालीको टाउकोमा झण्डै एक लाख ऋण

काठमाडौं, चैत्र ३ – नेपाल सरकारको सार्वजनिक ऋण निरन्तर बढ्दै जाँदा प्रत्येक नेपालीको थाप्लोमा झण्डै एक लाख रुपैयाँ बराबरको ऋणभार पुगेको देखिएको छ। चालु आर्थिक वर्षको फागुन मसान्तसम्म आइपुग्दा सरकारको कुल सार्वजनिक ऋण २८ खर्ब ७८ अर्ब २९ करोड ६७ लाख रुपैयाँ पुगेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ।




कार्यालयका अनुसार कुल ऋणमध्ये १३ खर्ब ४८ अर्ब रुपैयाँ आन्तरिक ऋण र १५ खर्ब ३० अर्ब रुपैयाँ बाह्य ऋण रहेको छ। कुल गार्हस्थ उत्पादन (जीडीपी)को आधारमा सार्वजनिक ऋणको अनुपात ४७.१३ प्रतिशत पुगेको छ, जसले अर्थतन्त्रमा ऋणको दबाब बढ्दै गएको संकेत गर्दछ।

चालु आर्थिक वर्षको सुरुवातमा २६ खर्ब ७४ अर्ब रुपैयाँ रहेको कुल ऋण दायित्व पछिल्लो आठ महिनामा मात्र २ खर्ब ४ अर्ब रुपैयाँले वृद्धि भएको देखिएको छ। सरकारले यस आर्थिक वर्षमा ५ खर्ब ९५ अर्ब रुपैयाँ ऋण उठाउने लक्ष्य राखेकोमा फागुनसम्म २ खर्ब ९५ अर्ब रुपैयाँ मात्र उठाउन सकेको छ भने सोही अवधिमा २ खर्ब ४२ अर्ब रुपैयाँ ऋण भुक्तानी गरिसकेको छ।

बाँकी तेस्रो पृष्ठमा

# बेरोजगारको सूची अद्यावधिक गर्न बिउगञ्जद्वारा निवेदनको आह्वान

***वीरगञ्ज, चैत्र ३ –***
वीरगञ्ज महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन हुने रोजगारमूलक कार्यक्रमहरूमा सहभागी हुन इच्छुक बेरोजगारहरूको सूची अद्यावधिक र नयाँ दर्ताका लागि प्रक्रिया सुरु गरेको छ।




महानगरपालिकाका आर्थिक विकास महाशाखाका प्रमुख रामकृष्ण ताम्राकार ले जारी सूचनामा, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावली अनुसार यो सूची तयार पारिने जानकारी दिएका छन्। सूचीमा नाम समावेश भएका व्यक्तिहरूलाई आगामी वर्षका रोजगार सिर्जना कार्यक्रमहरूमा प्राथमिकता दिइने व्यवस्था रहेको छ।

सूचीमा समावेश हुनका लागि १८ वर्ष पूरा भइसकेको तर ५९ वर्ष ननाघेका नेपाली नागरिकहरूले

बाँकी तेस्रो पृष्ठमा

# रास्वपाद्वारा नवनिर्वाचित सांसदलाई अभिमुखीकरण, संसदीय मर्यादा पालनमा जोड

***काठमाडौं, ३ चैत –***
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्ना नवनिर्वाचित सांसदहरूलाई संसदीय अभ्यास, आचरण र जिम्मेवारीबारे अभिमुखीकरण दिएको छ। ग्वार्कोस्थित एक होटलमा आयोजित कार्यक्रममा पार्टीले सांसदहरूलाई पदको गरिमा कायम राख्दै जिम्मेवार भूमिका निर्वाह गर्न निर्देशन दिएको हो।



प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सिट जितेर १८२ सांसदसहित ठूलो दल बनेको रास्वपाले पहिलोपटक सामूहिक रूपमा सांसदहरूलाई प्रशिक्षण दिएको हो। कार्यक्रममा सहभागी धेरै सांसदहरू एकअर्कासँग पहिलोपटक प्रत्यक्ष भेटेका थिए।

पार्टीका उपसभापति स्वर्णिम वाग्ले ले सांसदहरूलाई 'जितेर रमाइलो गर्न होइन, पदको गरिमा बढाउन थप मेहनत गर्न आएको' भन्दै संविधानप्रति बफादार रहन आग्रह

बाँकी तेस्रो पृष्ठमा

# पेट्रोल र डिजेलको मूल्य फेरि बढ्यो

***काठमाडौं – १ चैत्र ,***
नेपाल आयल निगम ले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ। निगमले पेट्रोलमा प्रतिलिटर १५ रुपैयाँ तथा डिजेल र मट्टितेलमा १० रुपैयाँ वृद्धि गरेको जनाएको छ।



नयाँ समायोजनपछि पेट्रोलको मूल्य प्रतिलिटर १७२ रुपैयाँ पुगेको छ भने डिजेल र मट्टितेलको मूल्य १५२ रुपैयाँ कायम गरिएको छ। यसअघि पेट्रोल १५७ रुपैयाँ र डिजेल १४२ रुपैयाँ प्रतिलिटरमा बिक्री हुँदै आएको थियो।

निगमका अनुसार अन्तर्राष्ट्रिय बजारमा भएको मूल्य वृद्धिका कारण ईण्डियन आयल कर्पोरेशनबाट उच्च दरमा इन्धन आयात गर्नुपरेकाले मूल्य समायोजन गर्नुपरेको हो। यद्यपि कर्पोरेशनले पठाएको पूर्ण दर लागू नगरी केही भार मूल्य स्थिरीकरण कोषबाट व्यहोर्ने गरी मूल्य निर्धारण गरिएको निगमले जनाएको छ।

निगमले हालको मूल्य समायोजनपछि पनि आगामी १५ दिनमा करिब ३ अर्ब ९३ करोड रुपैयाँ घाटा हुने प्रक्षेपण गरेको छ। अन्तर्राष्ट्रिय बजारमा मूल्य घटेमा तत्काल उपभोक्तालाई राहत दिने गरी मूल्य घटाउने नीति अपनाइने पनि निगमले जनाएको छ।

# सिम्रौनगढमा मोटरसाइकल दुर्घटना हुँदा एकको मृत्यु, दुई घाइते

***सिम्रौनगढ, चैत्र ३ –***
बाराको सिम्रौनगढ नगरपालिका-५ स्थित सडकमा सोमबार साँझ दुई भारतीय नम्बरको मोटरसाइकल आपसमा ठक्कर खाँदा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्।




प्रहरीका अनुसार बीआर ०५ एए ८४४४ नम्बरको मोटरसाइकलले बीआर ३० भी ४६३७ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। ठक्करमा सिम्रौनगढ-५ का ४५ वर्षीय सुरेन्द्र महतो गम्भीर घाइते भएका थिए। उनलाई उपचारका लागि प्रादेशिक अस्पताल कलैयामा लगिएको थियो, जहाँ उपचारको क्रममा मृत्यु भएको हो। घाइतेमध्ये बीआर ३० भी ४६३७ नम्बरको मोटरसाइकल चालक समाज अस्पताल कलैयामा उपचाररत छन् भने अर्को सवार अज्ञात घाइते हिमाल अस्पताल वीरगन्जमा उपचाररत छन्।

प्रहरीले ठक्कर दिने बीआर ०५ एए ८४४४ नम्बरको मोटरसाइकल चालकलाई नियन्त्रणमा लिएको छ र दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको छ।

स्थानीय प्रहरी र यातायात विशेषज्ञहरूले सडकमा दुवै पक्षको सतर्कता आवश्यक भएको र मोटरसाइकल चलाउँदा हेल्मेट प्रयोग, गति नियन्त्रण र ट्राफिक नियम पालना नगर्नु जस्ता कारणले यस्तो दुर्घटना भएको बताएका छन्। पत्रिकाले पाठकहरूलाई पनि सतर्क रहन र सडकमा नियम पालना गर्न आग्रह गर्दछ, ताकि आगामी दिनमा यस्ता दुर्घटनाबाट ज्यानको क्षति कम गर्न सकियोस्।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

बाँकी तेस्रो पृष्ठमा

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

सोनु सेकुवा कर्नर
पेट्रोल पम्पको ठिक पश्चिमपट्टि
प्रो. पिन्टु भाई
स्वादिलो मासाहारी परिकारको उत्कृष्ट गन्तव्य
यहाँ पाइने विशेष परिकारहरु:
- विभिन्न प्रकारका सेकुवा
- लोकल देखि ठूला माछाका स्वाष्टि परिकार
- ताजा मासुका खाजा तथा खाना
- स्वादिलो नेपाली खाना
- सफा तथा आरामदायी वातावरण
- परिवार र साथीभाइसँग आउन उपयुक्त
- सुपथ मूल्यमा उत्कृष्ट स्वाद

